# ‘निगमको असक्षमताका कारण ग्यास अभाव’




**हिमालय टाइम्स**
काठमाडौं, २ चैत

राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले पेट्रोलियम र ग्यासको अभाव हुनुमा नेपाल आयल निगमको व्यवस्थापकीय कमजोरी रहेको आरोप लगाउनुभएको छ। विश्व उपभोक्ता अधिकार दिवसका अवसरमा सोमबार मञ्चद्वारा राजधानीमा आयोजित कार्यक्रममा अध्यक्ष महर्जनले बजारमा देखिएको ग्यासको समस्या मध्यपूर्व संकटका कारण नभई आन्तरिक बेथितिका कारण सिर्जना भएको आरोप लगाउनुभएको हो। उहाँका अनुसार, सामान्य अवस्थामा दैनिक ९० बुलेट ग्यास आउने गरेकोमा अहिले भारतबाट एक सय २५ बुलेटसम्म आइरहेको छ।

आपूर्ति बढेको अवस्थामा पनि बजारमा अभाव देखिनुले निगमको असक्षमता र व्यवसायीको मिलेमतोमा कालोबजारी भइरहेको पुष्टि हुन्छ। खाने तेलको मूल्यमा प्रतिलिटर ५० देखि सय रुपैयाँसम्म भएको वृद्धिलाई  व्यवसायीहरूले मध्यपूर्व संकटको बहाना बनाएर मूल्य बढाएको महर्जनले बताउनुभयो। उहाँका अनुसार, खाने तेल खाडी मुलुकबाट नभई युक्रेन, कजाकिस्तान, मलेसिया र सिंगापुरजस्ता देशबाट आउँछ। इन्धनको मूल्य बढ्दा तेलको मूल्यमा त्यसरी मनोमानी वृद्धि गर्नु उपभोक्तामाथिको लुट हो। अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य एक सय तीन डलर प्रतिब्यारल पुगेको अवस्थामा १५ रुपैयाँ बढ्नुलाई उहाँले स्वाभाविक रूपमा लिन सकिने बताउनुभयो। नयाँ सरकार गठनको तयारीसँगै कर्मचारी र प्रशासनमाथि राजनीतिक थ्रेट आउन थालेको पनि महर्जनले दाबी गर्नुभएको छ। कार्यक्रममा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका निर्देशक नरहरि तिवारी, काठमाडौं उद्योग वाणिज्य संघका अध्यक्ष दिनेश श्रेष्ठ, ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष विश्व बज्राचार्यलगायतको उपस्थिति थियो।

**इन्धनमा भारी मूल्यवृद्धि**

नेपाल आयल निगमले इन्धनमा भारी मूल्यवृद्धि गरेको छ। पेट्रोल प्रतिलिटर १५ रुपैयाँ र डिजेल तथा मट्टितेलको मूल्य लिटरको १० रुपैयाँले बढेको हो। नयाँ मूल्यसूचीअनुसार पेट्रोल लिटरको एक सय ७२ र डिजेल एक सय ५२ रुपैयाँ पुगेको छ। निगमका अनुसार, भारतले पेट्रोलको मूल्य ३१ रुपैयाँ, डिजेल र मट्टितेल ५४ रुपैयाँ र ग्यास एक सय १६ रुपैयाँले बढाएर नयाँ मूल्यसूची पठाए पनि निगमले भने निकै कम दरले इन्धनको मूल्य बढाएको हो। भारतबाट बढेर आए पनि निगमले उपभोक्तामा असर पर्ने भन्दै मूल्य स्थिरीकरण कोष र विगतको नाफाबाट बेहोर्ने गरी पेट्रोलियम पदार्थको मूल्य समायोजन गरिएको जनाएको छ। मध्यपूर्वमा जारी संकटका कारण अन्तर्राष्ट्रिय बजारमा इन्धनको भाउ आकाशिएसँगै नेपाली बजार पनि प्रभावित भएको बताइएको छ। इन्धनमा भारी मूल्यवृद्धिसँगै सवारी साधनको भाडासमेत बढ्ने भएकाले दैनिक उपभोग्य वस्तुको मूल्यका साथै समग्र अर्थतन्त्र प्रभावित हुने देखिएको छ।

# २६ अंकले घट्यो सेयर बजार




**हिमालय टाइम्स**
काठमाडौं, २ चैत

सेयर बजार फेरि घट्न थालेको छ। अघिल्ला दुई दिन बढेर बन्द भएको नेप्से सोमबार २६.०७ अंक घटेर २७९८.८३ अंकमा झरेको हो। नेप्सेसँगै कारोबार रकम पनि घटेको छ। आइतबार १४ अर्ब ३२ करोड रुपैयाँ बराबरको सेयर कारोबार भएकोमा यस दिन तीन सय ४५ कम्पनीका एक लाख दुई हजार सात सय ५९ पटकको कारोबारमा ११ अर्ब ९७ करोड ४६ लाख ९६ हजार रुपैयाँ बराबरका तीन करोड सात लाख ९० हजार कित्ता सेयर खरिदबिक्री भएका हुन्।

सोमबार चार कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ। सालपा विकास बैंक, रिलायन्स स्पिनिङ मिल्स, अप्पर हेवाखोला हाइड्रोपावर कम्पनी र सोलु हाइड्रोपावरको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको हो। होटल फरेष्ट इनको सेयरमूल्य करिब १० प्रतिशत बढेको छ भने पिपुल्स हाइड्रोपावर कम्पनीको सेयरमूल्य साढे छ प्रतिशतले बढेको छ।

कारोबार रकमका आधारमा शीर्ष स्थानमा रहेको आँखुखोला जलविद्युत् कम्पनीको ६८ करोड ७७ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ भने नेसनल हाइड्रोपावरको ६६ करोड रुपैयाँभन्दा बढीको सेयर कारोबार भएको छ। अप्पर हेवाखोला हाइड्रोपावर कम्पनीको साढे ४१ करोडभन्दा बढीको कारोबार भएको छ। नेपाल स्टक एक्सचेन्ज(नेप्से)का अनुसार १३ समूहमध्ये यस दिन एक समूहको परिसूचक बढेकोमा १२ समूहको घटेको छ। उत्पादन तथा प्रशोधन समूहको परिसूचक सामान्य अंक बढेको छ भने बैंकिङ, लगानी र अन्य समूहको परिसूचक १ प्रतिशतभन्दा बढीले घटेको छ।

# एनआरएनए अध्यक्षमा शर्मा निर्विरोध



**काठमाडौं।** गैरआवासीय नेपाली संघ (एनआरएनए) को अध्यक्षमा हेमराज शर्मा निर्विरोध निर्वाचित हुनुभएको छ। अध्यक्षमा उम्मेदवारी दिएका दुई उम्मेदवारले उम्मेदवारी फिर्ता लिएपछि उहाँ निर्विरोध चयन हुनुभएको हो। अध्यक्षका लागि शर्मासँगै रोबिन शेरचन र रविन बज्राचार्यले उम्मेदवारी दिनुभएको थियो। दुवै जनाले उम्मेदवारी फिर्ता लिनुभएको थियो। एनआरएनएको कार्यसमितिका सबै पदमा सहमति जुटेको बताइएको छ।

# ‘याडिया केयर सर्भिस स्टेसन’ सञ्चालनमा

**काठमाडौं।** नेपालमा याडिया इलेक्ट्रिक स्कुटरको आधिकारिक बिक्रेता कुजु नेपाल प्रालिले ग्राहकहरूलाई अझ राम्रो आफ्टर-सेल्स सेवा प्रदान गर्ने उद्देश्यसाथ काठमाडौंको नागपोखरीमा नयाँ ‘याडिया केयर सर्भिस स्टेसन’ सञ्चालनमा ल्याएको छ। कम्पनीका अनुसार, उक्त सेवा केन्द्रले याडिया स्कुटर प्रयोगकर्तालाई छिटो, प्रभावकारी र भरपर्दो मर्मत तथा सेवा सुविधा प्रदान गर्ने लक्ष्य राखेको छ। केन्द्र सञ्चालनसँगै ग्राहकहरूले अब अझ सहज स्थानमा प्राविधिक सेवा तथा मर्मत सुविधा प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ।

याडियाले लगातार नौ वर्षदेखि विश्वकै नम्बर १ इलेक्ट्रिक दुईपांग्रे सवारी साधन ब्राण्डका रूपमा आफ्नो स्थान कायम राख्दै आएको कम्पनीको दाबी छ। नेपाली बजारमा पनि याडियाका विभिन्न मोडल ग्राहकबीच लोकप्रिय बन्दै गइरहेका बताइएको छ। कम्पनीका अनुसार, विशेष गरी भेलाक्स, ओविन तथा सबैभन्दा धेरै बिक्री हुने ई एट एस प्रो मोडलले नेपाली उपभोक्ताबाट राम्रो प्रतिक्रिया प्राप्त गरिरहेका छन्। कम्पनीले आगामी दिनमा नेपालका अन्य प्रमुख शहरमा पनि याडिया केयर सेवा केन्द्रहरू विस्तार गर्दै लैजाने योजना रहेको जनाएको छ।





## Badigad Rural Municipality
## Office of the Rural Municipal Executive
Gwalichaur, Baglung
Gandaki Province, Nepal

### Invitation for Bids

**Date of publication: 17-03-2026 AD. /2082/12/03 B.S**

1. Badigad Rural Municipality , Baglung invites  electronic bids from eligible bidders under National competitive bidding (NCB)-Single Stage Single Envelope procedures for the procurement as follows :

| S. N. | Contract No./ID | Name of Contract | Bid Document Fee (NRs.) | Bid Security (NRs) | Estimated Amount Including VAT | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1. | BRM/NCB/GOODS/ 08/2082/83 | Procurement, delivery and installation of Medical equipments to operate Badigad Basic Hospital. | NRS. 3,000.00 | NRS. 1,00,000.00 | NRs. 3875972.32 | 90 days |
| Deadline for Bid Submission : 16/04/2026 till 12.00 hrs | | | | | | |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Badigad Rural Municipality, Baglung or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

Government of Koshi Province
Ministry of Physical Infrastructure Development
Infrastructure Development  Directorate
## Infrastructure Development Office, Panchthar
Phidim, Nepal

### Invitation For E-Bids

*Notice No. 07/082/83*
**First Date of Publication: 17th March 2026 (2082/12/03)**

1. Infrastructure Development Office, Panchthar Invites Electronic Bids only from Eligible Bidders for the Following works;

| S. No. | Contract Identification Number | Description of Work | Estimated Amount (Excl. VAT & PS) | Bid Security (NRs.) |
|---|---|---|---|---|
| 1 | IDOPAN/337011044/NCB/ ROAD/48-082/83 | Upgrading of Remaining Section of Saptami Dashami Okharbote Mauwa Aangna Lakhuwadovan Road, Panchthar | 44,11,477.26 | 1,25,000 |
| 2 | IDOPAN/337011044/NCB/ ROAD/49-082/83 | Upgrading of Kupili Kiwa Thallajung Khalde Chukpadin Kutidanda Road, Panchthar | 26,36,957.61 | 75,000 |

2. Deadline for Bid Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | | | | |
|---|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Revenue a/c No: | 27002000001001000001 | Office Code: | 3370102011 |
| | | | | Revenue Heading No: | 14229 | Nepal Bank Limited, Phidim | |
| **16th Apr 2026 (2083/01/03)** | 12:00 hours | **16th Apr 2026 (2083/01/03)** | 13:00 hours | Deposit a/c No: (Dharauti) | 06702000002003000001 | Pra.le.ikai.ka | |
| | | | | Name of office | Infrastructure Development Office, Panchthar | | |
| | | | | Bank | Nepal Bank Limited, Phidim | | |

3. Bid Fee is NRs. 3,000.00 for Each Contract & need to be deposited in above mentioned bank details.
4. Bid Validity period should be 90 Days where as Bid Security period should be 120 days. Bidder has to submit their bid electronically only. They may download the bidding documents for further information, inspection & e-submission from PPMO's web site **www.bolpatra.gov.np/egp**
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
6. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064 (Latest addendum)

***Office Chief***

## Patarasi Rural Municipality
## Office of The Rural Municipal Executive
## Lasi, Jumla
## Karnali Province, Nepal

### Invitation for Bids

**(Second Date of publication: 2082/12/03, 17/03/2026)**

1. The Office of The **Patarasi Rural Municipality, Jumla** invites electronic bids from registered firms for the following works under SQ Single Stage Single Envelope (1S1E) uploadable as shown in table below.

**Details of work**

| S. N. | Contract Identification No. | Brief Description of Work/Site | Bid Validity/ Bid Bond Validity Period | Bid Security Amount (Rs) | Deadline for Bid document purchasing date and time | Deadline for Bid submission date and time | Bid Opening Date and Time | Bid document Amount (Rs) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SQ/Goods/ 20 82/083/ PRM-03 | Fabrication of Pere Suspension Bridge, Patarasi R.M.-2, Jumla | 75 Days From the day of bid opening | 44000.00 | 17/03/2026 12:00 pm To upto submission date & time | 31/03/2026 12:00 pm | 31/03/2026 14:00 pm | 1000.00 |

2. Eligible Bidders may obtain further information and inspect the e-bidding documents at the office of the **Patarasi Rural Municipality, Jumla, Phone no: 9767866977/9848326857** and from **PPMO web portal: www.bolpatra.gov.np/egp**.
3. Any provisions which are not mentioned in this notice will be consistent with Public Procurement Act (PPA), 2063 Public Procurement Regulations (PPR), 2064 and other prevailing Nepalese Laws.

**Chief Administrative Officer**